प्रमुख प्रशासकीय अधिकृत०९१,५६०११८
प्रशासन शाखा, ०९१५६०८१६

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

**क्षयरोग मुक्त घोषणा अभियान कार्यक्रम अन्तर्गत कार्यक्रम अधिकृत पदमा करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।**

**(प्रथम पटक पकाशित मिति : २०७९/०४/०६)**

यस टीकापुर नगरपालिका अन्तर्गत क्षयरोग मुक्त घोषणा अभियान कार्यक्रमका लागि ,कार्यक्रम अधिकृत पद करार सेवामा पदपूर्ति गर्नु पर्ने भएको हुँदा पदपूर्ति समितिको मिति २०७९/०४/०५ गतेको निर्णयानुसार निम्न बमोजिम आवश्यक योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट १५ (पन्ध्र) दिन भित्र तोकिएको आवश्यक कागजात सहित दरखास्त पेश गर्नुहुन यसै सूचना मार्फत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल :**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०२-०७९/०८० | कार्यक्रम अधिकृत (क्षयरोग मुक्त घोषणा अभियान कार्यक्रम) | अधिकृत स्तर, सातौं | १ |

**१.उमेर :-** कम्तिमा २१ बर्ष पुरा भई ४५बर्ष ननाघेको ,नेपाली नागरिक ।

**२. न्यूनतम शैक्षिक योग्यता :-** जनस्वास्थ्य बिषयमा स्नातक तह उत्तिर्ण (BPH) गरेको ।

**३. सेवा खरिदको किसिम :-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता परीक्षा ।

**४. तलव तथा अन्य सुविधा :-** क्षयरोग मुक्त नेपाल घोषणा अभियान कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७८ मा तोके बमोजिम ।

**५.सेवा अवधि :-** २०८० आषाढ मसान्त सम्म ।

**६.पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :-** क्षयरोग मुक्त नेपाल घोषणा अभियान कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७८ मा तोके बमोजिम ।

**७. कार्य क्षेत्र :-** टीकापुर नगरपालिका , टीकापुर कैलाली

**८. दरखास्त दिने स्थान :-** टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ।

**९. दरखास्त दिने अन्तिम मिति :-** सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिन ।

**१०.आवेदन दस्तुर :-** रु. १०००।- (एक हजार) टीकापुर नगरपालिकाको नेपाल बैंक लिमिटेड शाखा कार्यालय, टीकापुरमा रहेको आन्तरिक राजश्व खाता नं.१०७०३०००००४००१००००००१ मा वा नगर कार्यपालिकाको कार्यालयको राजश्व उपशाखामा तोकिएको दस्तुर तिरेको नगदी रसिद ।

**११.आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :** आवेदक स्वयले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपीहरु : नागरिकता, न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ने कागजात, २ प्रति पासपोर्ट साइजको फोटो, तोकिएको पदको लागि नेपाल स्वास्थ्य व्यवसायी परिषदको काउन्सील दर्ताको प्रमाणपत्र ।

**१२.** सम्बन्धित क्षेत्रमा कार्य गरेकालाई विशेष प्राथमिकता दिईनेछ ।

**पूनश्च :** आवेदनको ढाँचा नगरपालिकाको वेवसाईटwww.tikapurmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

मंगल बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**